नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु, तौलिहवा

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५९
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५
कार्यालय:- ०७६-५६०४४५

पत्र संख्या:-०७७।७८ मिति २०७८।०३।२१

## कपिलवस्तुका प्रमुख जिल्ला अधिकारीबाट जारी निषेध आदेश

कोभिड-१९ संक्रमणको अवस्था अझै कायम रहेकोले सो को रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन मिति २०७८।०३।१४ गते सोमबार राती १२: ०० बजे सम्मको लागि निषेध आदेश जारी गरिएकोमा जिल्ला कोभिड व्यवस्थापन समिति र जिल्ला सुरक्षा समितिको मिति २०७८।०३।२१ गतेको बैठकको निर्णय समेतको आधारमा "कोभिड -१९ संकट व्यवस्थापन अध्यादेश, २०७८" को दफा (४) तथा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम अर्को आदेश नभए सम्मका लागि निम्नानुसारको आदेश जारी गरिएकोले सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।

(क) निषेध गरिएका गतिविधिहरु:

१. सबै प्रकारका सभा, सम्मेलन, पार्टी प्यालेस, स्वीमिङ् पुल, मनोरञ्जन स्थल, सैलुन, ब्यूटी पार्लर, जिमखाना, पुस्तकालय, संग्रहालय, हाटबजार, समुहमा खेल्ने खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य कार्यक्रम संचालन गर्न/गराउन नपाउने।

२. खुला स्थानमा मानिसहरु भेला जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस, जात्रा, महोत्सव, भोज भतेर आदि गर्न/गराउन नपाउने।

३. विवाह, व्रतबन्ध तथा सामूहिक रुपमा गरिने सांस्कृतिक कार्यहरु होटल तथा पार्टी प्यालेसमा गर्न/ गराउन नपाउने।

४. पुजारीबाट हुने नित्य पूजा बाहेकका अन्य धार्मिक तथा सांस्कृतिक गतिविधिहरु संचालन गर्न नपाउने।

५. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्यूशन सेन्टर, तालिम केन्द्र) ले भौतिक उपस्थितिमा पठन पाठन गर्न गराउन नपाउने।

(ख) संचालन गर्न पाउने गतिविधिहरु:

१. व्यवसाय संचालनको हकमा :

क. औषधी तथा स्वास्थ्य सामग्री सम्बन्धी पसल जुनसुकै समयमा निर्वाध रुपले संचालन गर्ने।

ख. बुदाँ नं. क (१) मा उल्लेख भए बाहेकका अन्य व्यवसायहरु साँझ ७:०० बजे सम्म संचालन गर्न पाइने। पसल तथा व्यवसाय संचालन गर्दा संचालक तथा ग्राहकले अनिवार्य रुपमा मास्क लगाउने, कम्तीमा दुई मिटरको भौतिक दुरी कायम गर्ने, अनिवार्य रुपमा स्यानिटाइजर व्यवस्था गर्ने र स्वास्थ्य मापदण्ड पालना गर्नु पर्ने। यदि तोके बमोजिम स्वास्थ्य मापदण्ड परिपालना नगरेको अनुगमनको क्रममा भेटिएमा पसल तथा व्यवसाय तत्काल बन्द गर्न सकिने।

२. सर्वसाधारणको आवतजावतको हकमा:

क. घरबाट बाहिर निस्किदा दुई व्यक्ति बीच कम्तीमा २ मिटरको भौतिक दूरी कायम राख्ने, अनिवार्य रुपले मास्कको प्रयोग गर्ने। पटक-पटक साबुन पानीले हात धुने वा सेनिटाइजरको प्रयोग गर्ने।

चक्र पाणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

३. सवारी साधन संचालनको हकमा :

क. जिल्ला भित्र संचालन हुने सार्वजनिक सवारी साधनहरु स्वीकृत सिट क्षमता अनुसार देहायका मापदण्ड पालना गर्ने गरी संचालन गर्ने।

- कुल स्वीकृत सिट क्षमता भन्दा बढी यात्रु नराख्ने।
- सबै यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउने।
- मास्क नलगाउने यात्रुहरुलाई सवारी साधनमा प्रवेश गर्न नदिने।
- चालक र सहचालकले अनिवार्य मास्क, भाइजर र पन्जा लगाउने।
- सवारी साधनको ढोकामा स्यानिटाइजरको व्यवस्था हुनुपर्ने।
- अनिवार्य रुपमा सवारी साधन दैनिक निसंक्रमित गर्नुपर्ने।

ख. जिल्लाभित्र संचालन हुने निजी सवारी साधनको हकमा स्वास्थ्य मापदण्डको अनिवार्य रुपमा पालना गरी संचालन गर्ने।

४. अन्य विषयको हकमा:

क. विवाह, ब्रतबन्ध, पास्नी, न्वारन वा अन्य संस्कारका लागि बढीमा २५ जनासम्म स्वास्थ्य मापदण्डको पालना गर्ने गरी नजिकको प्रहरी इकाईसँग समन्वय गरी आफ्नै निवासमा सम्पन्न गर्न सकिने। विवाहका लागि बढीमा २ वटा साना गाडी वा १ वटा ठूलो गाडीमा जम्मा २५ जना संख्या नबढ्ने गरी शुभ विवाहको ब्यानर राखी विवाहका लागि जान आउन सकिने।

ख. गोष्ठी, तालिम, सेमिनार, बैठक, समीक्षा, प्रशिक्षण जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमबाट गर्ने। भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा २५ जनामात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्डको पूर्ण परिपालना गर्ने गरी संचालन गर्ने।

५. उल्लिखित आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ। यसको अवज्ञा गर्नेलाई कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही गरिनेछ। संक्रमण बढ्न गएमा यस आदेशमा भएका व्यवस्थाहरु कुनै पनि बेला पुनरावलोकन गर्न सकिनेछ।

६. यस निषेध आदेश पालनाको लागि सर्वसाधारण, स्थानीय तहहरु, राजनीतिक दलहरु तथा अन्य सम्बन्धित सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ। साथै जिल्लाका सबै सञ्चारमाध्यमहरुले प्रचारप्रसार गरिदिनु हुन समेत अनुरोध गरिन्छ।

२०७८।३।२५

चक्र पाणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

चक्र पाणी पाण्डे
प्रमुख जिल्ला अधिकारी